नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.................................................. शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पत्र संख्या : -
चलानी नं. : -

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

# २८ औं वन्यजन्तु सप्ताह सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले बि. सं. २०५३ साल देखि वैशाख महिनाको पहिलो हप्तालाई सप्ताहव्यापी रुपमा जैविक विविधता संरक्षणको लागि जनचेतनामूलक कार्यक्रमहरु सहित वन्यजन्तु सप्ताह मनाउदै आएको छ । यस वर्ष पनि बैशाख महिनाको पहिलो हप्ता "समन्वय, सहकार्य र सहअस्तित्वः वन्यजन्तु संरक्षण हाम्रो साझा दायित्व" भन्ने मूल नाराका साथ केन्द्र र देशभरका संरक्षित क्षेत्रहरुमा विविध सचेतनामूलक कार्यक्रमहरु सहित २८ औं वन्यजन्तु सप्ताह सम्पन्न भएको छ ।

केन्द्रीयस्तरमा यस विभागको नेतृत्व र सम्बन्धित सरोकारवालाहरुको सहयोगमा एक हप्तासम्म जैविक विविधता संरक्षणका लागि जनचेतनामूलक तथा संरक्षण शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको थियो । पहिलो दिन, सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले जैविक विविधता संरक्षण सम्बन्धी शुभकामना सन्देश दिनुभएको थियो । दोस्रो दिन, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रको पानीमुहान देखि नागीगुम्बासम्म चरा अवलोकन गरिएको थियो। तेस्रो दिन, विभिन्न विद्यालयका विद्यार्थीहरुबिच चित्रकला प्रतियोगिता संचालन गरिएको थियो भने चौथो दिन, संरक्षणमूलक टिकटक प्रतियोगिता संचालन भएको थियो । पाँचौ दिन, सदर चिडियाखानामा वन्यजन्तु अवलोकन कार्यक्रम संचालन भएको थियो भने छैठौं दिन, माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यू एवं माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाज्यूको बिशेष आतिथ्यतामा जैविक विविधता संरक्षण तथा वन्यजन्तुमैत्री पूर्वाधार निर्माण बिषयक छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

सप्ताहको अन्तिम दिन, वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवती रमण पौडेलबाट वन परिसर, बबरमहलमा रहेको होर्डिङ्ग बोर्डमा २८ औं वन्यजन्तु सप्ताहको ब्यानर अनावरण गरिएको थियो । वन्यजन्तु सप्ताहको समापन कार्यक्रममा नेपालका १५ वटा नदी प्रणाली (कोशी, वागमती, मनोहरा, कर्रा, राप्ती, नारायणी, खगेरी, ढुङ्ग्रे, तेलार, दानो, तिनाउ, विजयपुर, पश्चिम राप्ती, कर्णाली, महाकाली) को २७ वटा स्थान र ३० वटा सिमसार क्षेत्रमा यस वर्ष गरिएको Asian Water Bird Census को नतिजा सार्वजनिक गरिएको थियो। त्यसैगरी Wild Mammals of Kanchenjunga Conservation Area- An Account from Camera Trap Survey नामक पुस्तकको विमोचन वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवती रमण पौडेलबाट भएको थियो भने क्यामरा ट्र्याप प्रविधिबाट शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा गरिएको हिउँ चितुवा गणनाको नतिजा सार्वजनिक गरिएको थियो । जस अनुसार उक्त क्षेत्रमा रहेको हिउँ चितुवाको संख्या ९० रहेको छ भने घनत्व २.२ प्रति १०० वर्ग किलोमिटर छ । सोही कार्यक्रममा चित्रकला प्रतियोगिता तथा टिकटक प्रतियोगिताका उत्कृष्ट छात्रा तथा छात्रहरुलाई पुरस्कार वितरण समेत गरिएको थियो। ।

वन्यजन्तु संरक्षण सचेतना अभिवृद्धिका लागि विविध गतिविधिहरु सहित हरेक वर्ष मनाईने यस किसिमको कार्यक्रमले सरोकारवालाहरुलाई संरक्षण कार्यमा आफ्नो दायित्वबोध गर्न मद्दत पुर्याउदै आएको छ भने समन्वय, सहकार्य र सहअस्तित्वबाट समग्र जैविक विविधता संरक्षण सम्भव रहेको सन्देश प्रवाह गर्न समेत प्रभावकारी हुँदै आएको छ।

...............
अजय कार्की
उप-महानिर्देशक एवं प्रवक्ता

२०८० वैशाख ७ गते बिहिबार

CamScanner